**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.३३५

पुनरावेदन नं. ०७६-RB-००२४

**मुद्दाः- मूल्य अभिवृद्धि कर (आ.व.२०७२/०७३)।**

| | |
|---|---|
| लाईफ अटोमोबाईल्स प्रा.लि. गैरीधारा, काठमान्डौं (स्थायी लेखा नं. ६०१८३६९७०) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संचालक श्री विष्णु कुमार अग्रवाल.........................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.............................................१ | प्रत्यर्थी |
| आन्तरिक राजस्व विभाग, काठमाडौं.........................................................१ | |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कर्यालयको निर्णय मितिः-२०७५।०३।३२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ता श्री विकास अग्रवाल

:विद्वान अधिवक्ता श्री विकल्प अग्रवाल

प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।३२ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर प्रशासकिय

पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा मिति २०७५।०५।०८ मा निवेदन दिएकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) बमोजिमको समयभित्र निर्णय हुन नसकेको भनी आन्तरिक राजस्व विभागलाई सूचना दिई सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि.(स्थायी लेखा नं.६०१८३६९७०) को आ.व. २०७२।०७३ को पूर्ण कर परिक्षण सम्पन्न भई मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा २९(१) बमोजिम कर, जरिवाना, थप दस्तुर र व्याज समेत गरी जम्मा रु.२३,०३२।- को प्रारम्भिक कर निर्धारण मिति २०७५।०३।२७ मा जारी गरेको ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।२७ मा जारी भएको सूचना करदाताले मिति २०७५।०३।२९ मा बुझिलिई सोको लिखित जवाफ म्याद भित्रै मिति २०७५।०३।३२ मा पेश गरेको ।

३. करदाताले पेश गरेको जवाफ तथा कार्यालयको प्रतिवेदन समेतलाई आधार मानी विश्लेषण गर्दा घटी बिक्रि देखिएको भनी मूल्य अभिवृद्धि कर निर्धारण गरिएको रकमको करदाताले जवाफ साथ ठोस आधार तथा प्रमाण पेश गर्न नसकेको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ)(ज) बमोजिम रु.११,५१६।- मूल्य अभिवृद्धि कर निर्धारण गरी सोही ऐनको दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना समेत गरी जम्मा रु २३,०३२।- (तेईस हजार बत्तीस रुपैंया मात्र) कायम हुने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।२७ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेशको सूचनामा कुनै संशोधन गर्नु नपर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।३२ मा भएको अन्तिम कर निर्धारण आदेश ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०३।३२ मा जारी गरेको आ.व. २०७२।०७३ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि.ले मूल्य अभिवृद्धि कर

ऐन, २०५२ को दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।३२ मा भएको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझाई प्रशासकीय पुनरावलोकनको लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजश्व विभागमा निवेदन पेश गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा ४ बमोजिम ६० दिनभित्र निर्णय गरिसक्नु पर्नेमा सो नभएको कारणबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (५) र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम म्यादभित्र करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. ले यस राजस्व न्यायाधिकरणमा पुनरावेदन पत्र दर्ता गरेको ।

६. प्रमाण ईन्टरनेशनल प्रा.लि.लाई विभिन्न मितिमा उधारो र नगदमा बिक्री गरेको रकम मध्ये रु.२८,२४५।५४ उधारो विक्री गरेको र रु.८८,५२८।७० नगदमा विक्री गरेको रकम अनुसूची-१३ मा प्रविष्ट भर्ने समयमा छुट हुन गएको हुँदा उक्त रकमलाई घटी विक्री मानी आयमा समावेश गरिनु कानूनसम्मत छैन। साथै घटी विक्री भएको भन्ने आधार लिई कर कार्यालयबाट अन्तिम कर निर्धारण भएतापनि सो तथ्यलाई विपक्षी कार्यालयबाट पुष्टि गरिएको छैन। करदाताले देखाएको अंक प्रमाणित भएको अवस्थामा मानवीय गल्तीबाट छुट हुन गएको रकमलाई आधार बनाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) र दफा २०(१)(ज) बमोजम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।३२ मा प्रस्तुत करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. को आ.व. २०७२/०७३ मा हकमा भएको अन्तिम कर निर्धारणमा आदेश कानुनसम्मत नभई त्रुटीपूर्ण र बदरभागी भएको हुँदा सो निर्णय बदर गरीपाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी करदाताले यस न्यायाधिकरणमा मिति २०७५।०५।०८ मा दर्ता गरेको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०३।१७ मा भएको आदेश ।

८. यसमा पुनरावेदन पत्रमा उठान गरिएको विषय वस्तुहरुको सम्बन्धमा पुनरावेदक तर्फबाट मुकरर हुनु भएका विद्वान अधिवक्ता तथा प्रत्यर्थी तर्फबाट विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई १५ दिनभित्र लिखित बहस नोट पेश गर्न जानकारी गराई

नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।४।२३ मा भएको आदेश।

९. राजस्व न्यायाधिकरणको मिति २०७९।०४।३० को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री विकल्प अग्रवालले मिति २०७९।०४।३० मा र प्रत्यर्थीका तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले मिति २०७९।०५।५ का दिन यस न्यायाधिकरणमा लिखित बहसनोट पेश गर्नु भएको ।

<u>**ठहर खण्ड**</u>

१०. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री विकास अग्रवाल र श्री विकल्प अग्रवालले ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरीपाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको निर्णय विधिसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु तथा लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन? करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, करदाताले आफ्नो पुनरावेदन जिकिरमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले अन्तिम कर निर्धारण गर्दा करदाताले प्रमाण ईन्टरनेशनल प्रा.लि. संग विभिन्न मितिमा भएको बिक्रिको सम्बन्धमा रहेको Mismatch को बारेमा खरिदकर्ता र बिक्रिकर्ताको दुवै पक्षको कारोबार हेरी निर्णय गर्नुपर्नेमा एकपक्षिय रुपमा हेरी घटी बिक्रि गरेको भनी गरेको निर्णय कानूनसम्मत नरहेको भनी उल्लेख गरेको देखिन्छ। ठूला करदाता कार्यालयबाट अन्तिम कर निर्धारणको क्रममा करदाताले विक्री लेजर बमोजिम

बिक्री वापतको रकम रु.२८,२४५।५४ देखिएको तर खरिदकर्ता प्रमाण ईन्टरनेशनल प्रा.लि.ले रु.१,१६,८२८।२४ खरिद प्रविष्ट गरेको देखिएको हुँदा करदाताले रु.८८,५८२।७० रकम वरावरको घटी विक्री देखाएको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। घटी विक्री रकम देखिएको सम्बन्धमा करदातालाई सो हुनुको आधार कारण सहितको प्रमाण पेश गर्न ठूला करदाता कार्यालयबाट लिखित सूचना जारी भएकोमा करदाताले लिखित जवाफ पेश गर्दा प्रमाण ईन्टरनेशनल प्रा.लि.लाई विभिन्न मितिमा उधारो र नगदमा विक्री गरेको रकम रु.१,१६,८२८।२८ मध्ये रु.२८,२४५।५४ उधारो विक्री गरेको र रु.८८,५२८।७० नगदमा विक्री गरेको रकम अनुसूची-१३ मा प्रविष्ट भर्ने समयमा छुट हुन गएको हुँदा उक्त रकममा मूल्य अभिवृद्धि कर निर्धारण गर्न नमिल्ने भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ। यस प्रकार करदाताले प्रस्तुत घटी विक्री सम्बन्धमा ठूला करदाता कार्यालयबाट माग भएको प्रमाण पेश गर्न नसकी केवल उधारो विक्री गरेको रकम अनुसूची-१३ मा प्रविष्ट गर्न छुट भएको कुरालाई स्वीकार गरी जवाफ पेश गरेको देखियो। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) मा करको रकम कम देखाएको वा ठिक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा र खण्ड (ज) मा बीजक जारी नगरी विक्री गरेमा कर अधिकृतलाई कर निर्धारण गर्ने अधिकार रहे भएकै देखिन्छ। उक्त कानूनी व्यवस्था बमोजिमको अवस्था पुष्टी भइरहेको सन्दर्भमा ठूला करदाता कार्यालय, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश कानून सम्मत नै देखियो।

१३. अतः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता श्री लाईफ अटोमोबाईल्स प्रा.लि.(स्थायी लेखा नं. ६०१८३६९७०) को आर्थिक वर्ष २०७२/०७३ को मूल्य अभिबृद्धि करतर्फ ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७५।०३।३२ मा अन्तिम कर निर्धारण गरी भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

वासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृत: प्रमोद रिजाल
नायव सुब्बा: धनपति चम्लागांई
ईति सम्वत् २०८० साल बैसाख ४ गते रोज २ शुभम् --------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप